# नेपाल बीमा प्राधिकरण
# NEPAL INSURANCE AUTHORITY

मिति : २०८२/०९/०३

## प्रेस विज्ञप्ति

देशमा मिति २०८२ साल असोज १८ गतेयताको अविरल बर्षा तथा बाढी पहिरोका कारण भएका भौतिक तथा अन्य क्षतिको हालसम्ममा निर्जीवन बीमा कम्पनीहरूमा परेका कूल ७९० वटा प्रारम्भिक बीमा दाबीको कूल करिव रू. ४ अर्ब १८ करोड २६ लाख प्रारम्भिक दाबी रकममध्ये हालसम्ममा कूल ९६ वटा दाबीको कूल दाबी रकम करिव रू. ११ करोड १५ लाख बीमितहरूलाई भुक्तानी भएको अद्यावधिक तथ्याङ्क बीमा कम्पनीहरूबाट प्राप्त भएको छ ।

विभिन्न १३ वटा निर्जीवन बीमा कम्पनी र २ वटा लघु निर्जीवन बीमा कम्पनीहरूबाट प्राप्त अद्यावधिक तथ्याङ्क अनुसार, निर्जीवन बीमा कम्पनीहरूबाट सम्पत्ति बीमातर्फ ४१७ वटा प्रारम्भिक दाबीको दाबी रकम करिव रू. ३ अर्ब ५८ करोड ३२ लाखमध्ये कूल ३३ वटा बीमा दाबीको करिव रू. ९ करोड ६४ लाख र इञ्जिनीयरिङ तथा ठेक्का जोखिम बीमातर्फ १०७ वटा बीमा दाबीको करिव रू. ५१ करोड ५७ लाखमध्ये कूल ७ वटा दाबीको करिव रू. ९ लाख बीमितहरूलाई भुक्तानी भएको छ ।

यसैगरी, कृषि तथा बाली बीमातर्फ २१० वटा बीमा दाबीको करिव रू. ४ करोड १४ लाख दाबी रकममध्ये कूल ४२ वटा दाबीको करिव रू. १९ लाख, मोटर बीमा (निजी) तर्फ ४० वटा बीमा दाबीको करिव रू. २ करोड ८२ लाख दाबी रकममध्ये कूल १२ वटा दाबीको करिव रू. १ करोड २० लाख र सामुद्रिक बीमातर्फ ४ वटा बीमा दाबीको करिव रू. ११ लाख प्रारम्भिक बीमा दाबी रकममध्ये २ वटा दाबीको करिव रू. ३ लाख दाबी रकम बीमितहरूलाई भुक्तानी भएको अद्यावधिक तथ्याङ्क रहेको छ ।

यस्तै, मोटर बीमा (सार्वजनिक) तर्फ १० वटा दाबीको करिव रू. १ करोड १९ लाख र लघुबीमातर्फ २ वटा दाबीको करिव रू. १२ लाख बीमा दाबी रकमको भुक्तानी प्रक्रिया भने हालसम्म शुरू नभएको अद्यावधिक जानकारी निर्जीवन बीमा कम्पनीहरूबाट प्राप्त भएको छ ।

सुशील देव सुवेदी

कार्यकारी निर्देशक एवम् प्रवक्ता

.ब.नं. २१७२, ललितपुर-१०, कुपण्डोल, नेपाल, फोनः ०१-५४२१०७९, ५४३८७४३, फ्याक्सः ०१-५४२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Lalitpur-10, Kupondole, Nepal, Phone: 01-5421079, 5438743, Fax: 01-5420119, Toll Free No.: 1660-01-56789
Website: www.nia.gov.np, E-mail: info@nia.gov.np